# आर्थिक वर्ष २०८१/०८२ को

## बजेट वक्तव्य

## माडी नगरपालिका

२०८१

## माडी नगरपालिकाको तेह्रौं नगरसभामा नगर उपप्रमुख श्री खेम प्रसाद महतोज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

**सभाका अध्यक्ष एवम् नगर प्रमुखज्यू,**

१. माडी नगरपालिकाको गौरवमय तेह्रौं नगर सभामा आगामी आर्थिक वर्ष २०८१।०८२ को बजेट प्रस्तुत गरिरहँदा अत्यन्तै गौरवान्वित भएको छु। यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिर्वतनका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । राष्ट्रियता,स्वाधीनता, सामाजिक न्याय, समानता र समृद्धि तथा संघीय शासन प्रणाली स्थापित गर्नका लागि संघर्ष गर्नुहुने महान् नेपाली र त्यसको सक्षम नेतृत्व गर्नुहुने राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

२. "**सम्पदा सम्पन्न माडी नगर, ईको कृषि र पर्यटनको सहर**" भन्ने मूल नारालाई आत्मसात् गरी यस नगरको समुन्नत विकासका लागि माडी नगरपालिका अग्रसर रहेको म सबै नगर सभा सदस्यज्यूहरुलाई विश्वास दिलाउन चाहन्छु ।नगरपालिकाको दोस्रो कार्यकालका रुपमा जनताबाट निर्वाचित भएर आएपश्चात हामीले दुई वर्षको अनुभव लिईसकेका छौं । विगतका वर्षहरुले सिकाएका पाठहरुलाई अङ्गिकार गर्दै थप उर्जाशिल, संवेदनशिल र संयमित भएर आगामी वर्षको बजेट तथा कार्यक्रम तयार गरिएको पनि म जानकारी गराउन चाहन्छु ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान; स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगरको नीति तथा कार्यक्रम संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु; नगरका विषयगत समितिका सुझावहरू; दिगो विकासको लक्ष्य वडाहरुबाट प्राप्त सुझावहरू विषय विज्ञका रायसुझाव तथा राजनीतिक दल, संघ—संस्था, नगरका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरूबाट प्राप्त रचनात्मक सुझावहरूलाई मुख्य आधारको रूपमा लिइएको छ ।

४. अब म यस माडी नगरपालिकाको चालु आर्थिक वर्षको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ. व. २०८०।८१ को लागि कूल अनुमानित आय

रु ९८ करोड ३६ लाख ४४ हजार ७ सय २५रूपैयाँ २३ पैसा अनुमान गरिएकोमा आय तर्फ २०८१ आषाढ पहिलो हप्तासम्म यस नगरले करिब रू. ७१ करोड ८१लाख ३४ हजार १ सय ४२ रुपैयाँ ९५ पैसा आम्दानी गर्न सफल भएको छ ।जुन प्रक्षेपित आम्दानीको ७३ प्रतिशत हुन आउँछ।

५. व्ययतर्फ चालु शीर्षकमा रु ६३ करोड ३४ लाख ३१ हजार १ सय ६ रुपैयाँ ६ पैसा विनियोजन भएकोमा २०८१ आषाढ ९ गते सम्म रु ४२ करोड २३ लाख ५१ हजार ७ सय ६० रुपैयाँ ९ पैसा अर्थात ६६ दशमलव ६८ प्रतिशत र पुँजिगत तर्फ रु ३५ करोड २ लाख १३ हजार ६ सय १९ रुपैयाँ १७ पैसा विनियोजन भएकोमा १८ करोड ६६ लाख ६९ हजार ७ सय ३१ रुपैयाँ १८ पैसा अर्थात ५३ दशमलव ३ प्रतिशत गरी कुल खर्च जम्मा रु ६० करोड ९० लाख २१ हजार ४ सय ९२ रुपैयाँ ७ पैसा रहेको छ जुन ६१ दशमलव ९१ प्रतिशत हो ।

६. आगामी वर्ष २०८१।८२ को बजेटले आर्थिक, सामाजिक, पूर्वाधार, सुशासन तथा संस्थागत विकास एवम् वन, वातावरण तथा विपद व्यवस्थापनलाई मुख्य प्राथामिकतामा राखेको छ ।

७. बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादात्म्यता कायम गर्ने प्रयास गरिएको छ । उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न विकासका सहयात्री सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

**सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,**

८. अब म माडी नगरपालिकाको आ.व. २०८१।८२ को कूल आय र व्यय तथा विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु । यस नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आ.व. २०८१।८२ को कूल व्यय रू. ९९करोड ६० लाख ३५ हजार विनियोजन गरिएको छु।

९. प्रक्षेपित बजेटका लागि संघीय सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तिय हस्तान्तरण तथा राजश्व बाँडफाँडबाट रु ६१ करोड १३ लाख ९२ हजार अनुमान गरिएको छ।जस अन्तर्गत समानीकरण तर्फ रु १२ करोड १३ लाख रुपैया, सशर्त अनुदान तर्फ ३३ करोड ४६ लाख ९२ हजार, समपूरक अनुदान तर्फ रु १ करोड १० लाख ,विशेष

अनुदान तर्फ २ करोड ३५ लाख रुपैया ,तथा राजश्व बाँडफाँड तर्फ मूल्य अभिवृद्धि कर ७ करोड ९९ लाख २६ हजार १ सय ९ रुपैया, अन्तः शुल्क २ करोड ९० लाख ३० हजार २ सय ९ रुपैया र वन रोयल्टी तर्फ १ करोड १९ लाख ४३ हजार ६ सय ८२ रुपैया अनुमान गरिएको छ भने प्रदेश सरकारबाट प्राप्त हुने अन्तरसरकारी वित्तिय हस्तान्तरण र राजश्व बाँडफाँडबाट रु २२ करोड ३ लाख ६२ हजार सय आम्दानी हुने अनुमान गरिएको छ ।जस अन्तर्गत समानीकरण अनुदान तर्फ रु १ करोड २३ लाख १६ हजार, सशर्त अनुदान तर्फ रु ३ करोड ७३ लाख ४३ हजार , समपूरक अनुदान तर्फ रु ३ करोड, विशेष अनुदान तर्फ रु ६५ लाख र राजश्व बाँडफाँड अन्तर्गत सवारी साधन कर तर्फ रु ७ करोड ४२ लाख ३ हजार तथा घर जग्गा रजिष्ट्रेशन वापत् मालपोत बाट प्राप्त हुने राजश्व रु ६ करोड अनुमान गरिएको छ । नगरको आन्तरिक आय रु १६ करोड ४२ लाख ८१ हजार प्रक्षेपण गरिएको छ ।

१०. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।सिमित स्रोतका बीच असिमित आवश्यकता पूर्ती गर्नुपर्ने बाध्यता भएकाले नगरवासीका सबै आवश्यकता पुरा गर्नु नगरका लागि चुनौतिपुर्ण भए पनि स्रोतको अधिकतम उपयोग गरी मुख्य प्राथमिकतामा रहेका योजनाहरुको समयमै कार्यान्वयन गरी विकासको आयाम कोर्न सकिने विश्वास दिलाउन चाहन्छु ।

११. यस नगर भित्र रहेको सबै वडा कार्यालयहरुलाई विकास निर्माणमा सकृय सहभागिता गराउने र सम्बन्धित वडाबाट नै छनोट भएका योजनाहरुलाई सम्बोधन हुने गरी वडा नं १ का लागि ९० लाख वडा नं २, ३, ६ र ७ का लागि प्रति वडा ८० लाख वडा नं ४ र ५ र ८ का लागि प्रति वडा ७० लाख र वडा नं ९ का लागि १ करोड २५ लाख गरी कुल रकम रु ७ करोड ४५लाख विनियोजन गरेको छु ।

१२. शिक्षाको विकास दिगो विकासको आधारशिला हो गुणस्तरीय जनशक्ति उत्पादनका लागि शिक्षामा लगानी गर्नु पर्ने आवश्यकताको अनुशरण गर्दै शिक्षा तर्फ रु २८ करोड १४ लाख ८४ हजार विनियोजन गरेको छु ।सामुदायिक विद्यालयमा शिक्षण सहयोग अनुदान, दिवा खाजा कार्यक्रम, निःशुल्क स्यानिटरी प्याड वितरण कार्यक्रम, अङ्ग्रेजी गणित र विज्ञान शिक्षण सहयोग अनुदान विषय शिक्षक नेटवर्क लगायतमा बजेट विनियोजन गरिएको छ ।

१३. नगरपालिकाले दुधमा दिँदै आएको ४ रुपैयाँ प्रति लिटर अनुदानलाई निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।जसका लागि रु ६१ लाख ८१ हजार

विनियोजन गरिएको छ ।नगर भेटेरीनरी अस्पताललाई थप सबलीकरण गर्दै लगिनेछ । अस्पतालमा विशेषज्ञ सेवालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ । गत आ व मा थप गरिएका कृषि तथा पशुपक्षी सेवा केन्द्रलाई व्यवस्थित गरिनेछ । वडा नं ७ मा रहेको मध्यवर्ती मार्फत् सञ्चालित भेटेरीनरी सेवा केन्द्रलाई नगरपालिका मातहत ल्याउन प्रयत्न गरिने छ । वडा नं ७ मा बाख्रा प्रबर्धन कार्यक्रम, वडा नं २ मा पशुपालन प्रवर्धन कार्यक्रम, वडा नं ६,७ र ८ मा माछा प्रवर्धन कार्यक्रम सञ्चालन गरिने छ । पशुपन्छी विकास तर्फ रु १ करोड ९८ लाख ७ हजार बजेट विनियोजन गरिएको छ ।

१४. नगरपालिकाले कृषिलाई उच्च प्राथमिकतामा राखेको छ ।भूमिगत पाइप लाइनिङ कार्यक्रम, खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान कार्यक्रम, धानबाली पकेट, मकै पकेट, किसान सुचिकरण तथा मागमा आधारित कृषि कार्यक्रमहरु सञ्चालन गरिनेछ । वडा न ३ मा तरकारी प्रबर्धन कार्यक्रम र वडा नं ८ मा फलफूल प्रबर्धन कार्यक्रम संचालन गरिने छ । एक होम स्टे /फार्म स्टे एक टनेल कार्यक्रमका लागि रु १० लाख विनियोजन गरेको छु ।श्रम र उत्पादनलाई जोड दिँदै कृषि विकास तर्फ रु १ करोड ६७ लाख ६० हजार विनियोजन गरेको छु ।

१५. माडीको मुख्य समस्या सिंचाई रहेको महशुस गर्दै यस वर्ष खेतीयोग्य जमिनमा सतह सिंचाइ तथा ठुला साना र मझौला सिंचाई कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ । सञ्चालनमा आएका बोरिङ्गको पाईप लाईनिङ्ग विस्तारका लागि रु.४० लाख बजेट विनियोजन गरिएको छ । यस वर्ष सिंचाई नपुगेका थप २५० हेक्टर जमिनमा सिँचाई पुर्याउने लक्ष्य लिईएको छ ।

१६. सूचिकृत बेरोजगार व्यक्तिहरुलाई श्रममा आधारित पारिश्रमिक कार्यक्रममा समावेश गराईनेछ । श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलापहरु, रोजगार संवाद मञ्च, वित्तीय साक्षरता कार्यक्रम मनोसामाजिक परामर्श उद्यम विकास तथा रोजगार प्रवर्धन र सहकारी संस्थाहरुको प्रवर्धन कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि कुल ६७ लाख ९० हजार बजेट विनियोजन गरेको छु ।

१७. प्रदेश सरकारसँगको समन्वयमा विशेष अनुदान मार्फत गर्दी स्वास्थ्य चौकीको बर्थिंग सेन्टर सहितको स्वास्थ्य चौकी भवन निर्माणका लागि रु ६५ लाखको बजेट व्यवस्था गरिएको छ ।

१८. संघीय सरकारसँगको सहकार्यमा दिवाकर स्मृति माध्यमिक विद्यालय माडी ५ रमाईलोडाँडाको भवन निर्माणका लागि रु १ करोड २० लाख बजेट व्यवस्थापन गरिएको छ । यसै गरी संघीय सरकारकै विशेष अनुदान मार्फत् वडा नं. ६ कल्याणपुर स्वास्थ्य चौकीको भवन निर्माणका लागि रु १ करोड १५ लाख बजेट व्यवस्था गरिएको छ ।

१९. संघीय सरकार समपुरक अनुदानमार्फत् तमु चोक देखि पुष्पमदन बाटिकासम्म सडक कालोपत्रेका लागि रु १ करोड १० लाख र नगरपालिकाको स्रोतबाट रु १ करोड १० लाख गरी रु २ करोड २० लाख बजेट व्यवस्था गरेको छु ।

यस नगरभित्रका सडक,पुल,कजवे, नाला आदिजस्ता पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका नगरस्तरीय योजना तथा कार्यक्रमका लागि रु.३ करोड विनियोजन गरेको छु ।

२०. प्रदेश सरकारसँगको समन्वयमा समपुरक अनुदान शिर्षकमा सोमेश्वर मा वि देखि अम्बाबास कुन्तीपुर, डाँडा गाउँ समूहको भवन हुँदै तारापती टोलबाट नयाँ गाउँले टोलसम्म जाने बाटो कालोपत्रे माडी १ र २ र बैराठ देखि इनार बरुवा हुँदै ६ नं वसन्तपुर सम्म जाने सडक कालोपत्रेका लागि रु. ३ करोड , नगरपालिकाको स्रोतबाट रु ३ करोड र प्रदेश सरकारको सशर्त अनुदान पुँजीगत बाट रु ५५ लाख समेत कुल रु.६ करोड ५५ लाख बजेट विनियोजन गरेको छु ।

२१. द्रौपतीनगरमा झोलुङ्गेपुल निर्माणको थप कार्यका लागि रु ८ लाख बजेट व्यवस्था गरी सम्पन्न गरिने छ ।

२२. “दिगो विकासको मुल आधार सुरक्षित र बलियो पूर्वाधार" भन्ने नारा सहित नगरका पूर्वाधार विकासका लागि आबश्यक बजेट बिनियोजन गरेको छु | साथै जस मध्ये वडा न १,४ र ७ को वडा कार्यालय निर्माणका लागि वडाको साझेदारी रहने गरि रु.६० लाख नगरबाट बजेट बिनियोजन गरेको छु |

२३. सबै जनताको स्वास्थ्यमा पहुँच भन्ने नारा सहित गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न बघौडा अस्पताल र सेवा केन्द्रलाई थप सवलीकरण गरिनेछ।बघौडा अस्पतालको स्तरोन्नति भई प्रादेशिक अस्पतालको रुपमा विकास गर्न सफल भइएको छ।जसमा नगर मार्फत रु.२७ लाख बिनियोजन गरेको छु | वडा नं १ को गर्दी स्वास्थ्य चौकीको भवन निर्माणका लागि रु.६५ लाख र वडा नं ६ को कल्याणपुर स्वास्थ्य चौकीको भवन निर्माणका लागि रु.१ करोड १५ लाख विनियोजन गरिएको छ । स्वास्थ्य चौकी

सुदृढीकरण कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा केन्द्र सबलिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन भएका विद्यालयमा कार्यक्रमलाई निरन्तरता दिईएको छ ।यस आर्थिक वर्षमा जन जीवन मा वि मा थप सेवा विस्तार गरिएको छ । हनुमानझुलास्थित आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई पूर्वाधार सम्पन्न बनाइएकोमा यस वर्ष प्रयोगशाला सेवा विस्तार गरिने छ । स्वास्थ्य क्षेत्रमा कुल रु.९ करोड ३१ लाख ४७ हजार व्यवस्था गरेको छु ।

२४. सामाजिक विकास तथा लैंगिक समावेशीकरणका लागि नगरमा गठित विभिन्न लक्षित वर्गका लागि रु.६० लाख व्यवस्था गरेको छु । अपाङ्गहरुका लागि अपाङ्ग सहायता सामाग्री वितरण गरिनेछ । वडा नं १ देखि ९ नं सम्म महिलाहरुका लागि मनो समाजिक परामर्श कार्यक्रमका लागि रु ९ लाख बजेट विनियोजन गरेको छु ।वडा नं १ देखि ९सम्म नै लोकसेवा , शिक्षक सेवा तथा अध्यापन अनुमतिपत्र आदिका अनलाइन तयारी कक्षा संचालन गरिने छ ।वडा नं ६ मा रहेको सेफ हाउसको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । वडा नं ३ मा दलितहरुको आय आर्जन , बाख्रा पाडा वितरण कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ भने अन्य वडामा अति विपन्न दलितहरुका लागि शौचालय निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । आदीवासी आय आर्जन कार्यक्रम, आदिवासी तथा जनजातीको भेषभुषा तथा संस्कृति प्रवर्धन कार्यक्रम, ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । आदिवासी महासंघ भवनको पूर्वाधार विकास तथा स्तरोन्नतिका लागि रु.१० लाख बजेट विनियोजन गरेको छु ।

२५. पर्यटन माडी विकासको प्रमुख सम्भावना हो। माडीमा सञ्चालन भएका सामुदायिक होमस्टे प्रबर्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। संघीय सरकारको समन्वयमा सोमेश्वर गढी मूर्ति तथा भौतिक पूर्वाधार निर्माणमा रु.६३ लाख तथा वडा नं ६ मा रहेको पुष्पमदन स्मृति वाटिका निर्माणका लागि रु.९० लाख विनियोजन गरिएको छ ।प्रदेश सरकारको समन्वयमा वडा नं १ मा रहेको पाँच पाण्डव पर्यटन क्षेत्र पूर्वाधार विकास योजनाका लागि रु.२५ लाख र वडा नं ४ मा रहेको एकता स्तम्भ शान्तिपार्क निर्माणका लागि रु.२० लाख विनियोजन गरिएको छ ।अयोध्याधाम,,रेडहिल पार्क,शनी त्रिवेणी, बैकुण्ठ क्षेत्र, गोद्दक, सोमेश्वर गढी , पुष्पमदन वाटिका बाल्मिकी आश्रम, बाँदरमुढे स्मारक, रेवेश्वर शिव मन्दिर एकता स्तम्भ, पाँच पाण्डव पर्यटन क्षेत्र , स्व कर्ण बहादुर घर्ती प्रतिष्ठान, सहिद तिलक स्मारक पार्क हनुमानझुला पार्क लगायतका पर्यटकीय

सम्भावना बोकेका क्षेत्रहरुको विकास तथा प्रबर्धनका आवश्यक बजेट विनियोजन गरिएको छ ।

२६. यूवा तथा खेलकुद लक्षित कार्यक्रमका लागि रु १६ लाख ५० हजार बजेट व्यवस्था गरेको छु ।

२७. विपद् जोखिम न्यूनिकरण, विपद् पूर्वतयारी, प्रतिकार्य तथा सम्भावित मानव वन्यजन्तु द्वन्द्व, आगलागी, बाढी, हावाहुरी लगायतको विपद् व्यवस्थापन तथा वातरण संरक्षण , हरित सडक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२८. टोल विकास संस्थाहरुलाई सरसफाई, विकास निर्माण, विपद् व्यवस्थापन लगायतका कार्यहरुमा सहभागी गराई उनीहरुको क्षमता अभिबृद्धि गर्न, वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र तथा अस्पताल र कार्यालयमा सुशासनको प्रत्याभुती दिलाउन, कर्मचारीको क्षमता अभिबृद्धि गरी उत्पादकत्वमा बृद्धी गराउने प्रकृतिका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विकास निर्माणमा प्रयोग भएका हेभी ईक्वीपमेन्ट तथा गिट्टी बालुवा प्रशोधन केन्द्रको क्षमता विकास गरिनेछ।समग्र प्रशासनिक सुधार तथा कार्यालय व्यवस्थापन खर्चका लागि कुल रु.२२ करोड ५० लाख विनियोजन गरेको छु ।

२९. अन्त्यमा, चालु आ.व.को हालसम्मको आय व्ययको विवरण (नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट भएका आयोजनागत विनियोजन एवं संशोधन समेत), आय व्ययको संशोधित अनुमान, आगामी आर्थिक वर्षको विषय क्षेत्रगत, आयोजनागत बजेटको अनुमानित विवरण समेटिएको वार्षिक योजना पुस्तिका छिट्टै सार्वजनिक गरिनेछ। प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुर्याउनुहुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विज्ञ महानुभावहरु, राजनीतिज्ञज्यू लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनी एवम् अहोरात्र खटिने कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद्

खेम प्रसाद महतो

उप-प्रमुख